# धनपालथान गाउँपालिको

## धनपालथान गाउँपालिकाकोको आर्थिक विधेयक , २०७४

कार्यपालिकाबाट स्वीकृत मितिः – २०७४।०५।०५

धनपालथान गाउँपालिका

मोरङ

प्रदेश नं. एक

धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोरभाग, मोरङ
प्रदेश नं. १, नेपाल

# धनपालथान गाउँपालिकाका आर्थिक विधेयक , २०७४

## धनपालथान गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** धनपालथान गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको **निमित्त** स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम धनपालथान गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "धनपालथान गाउँपालिकाको आर्थिक विधेयक , २०७४" रहेको छ ।

(२) यो ऐन 2074 साल श्रावण १ गतेदेखि धन गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**:गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी वा अन्य सम्पत्ति पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापीत उद्योग व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोबार स्थान विशेष र लगानीको आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

हरिलाल सिंह
अध्यक्ष

धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कौराभाग, मोरङ
प्रदेश नं. १, नेपाल

हरिलाल सिंह
अध्यक्ष

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिको क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१४.** जरिवाना : गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्कि वा व्यापार वा फोहरमैला गर्ने तथा प्रचलित कानुन विपरित कार्य गर्नेलाई अनुसूची (१४) बमोजिम जरिवाना गरिनेछ । साथै धनपालथान गाउँकार्यपालिकाले समय समयमा यस व्यवस्थामा थपघट गर्न तथा पुनरावलोकन गर्न सक्नेछ ।

**१५.** घर जग्गा रजिष्टेशन शुल्क : धनपालथान गाउपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्टेशन गर्दा अनुसूची (१५) बमोजिम रजिष्टेशन लगाई असुल उपर गरिनेछ ।

१६. **कर तथा संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा **शुल्क**को संकलन सम्बन्धि कार्यविधि गाउँकार्यपालिकाले निर्णय अनुसार हुने छ ।

**१७.** अन्य व्यवस्था : गाउँपालिकाका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरु सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरीवानालाई सेवा अनुसार अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ ।

हरिलाल सिंह
अध्यक्ष

१८. यसै ऐन बमोजिम भएको मानिने : यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१९. नियम वा कार्यविधि बनाउन सक्ने : गाउँकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

२०. साविक बमोजिम हुने: यस ऐनमा उल्लेखित व्यवस्था यसै बमोजिम र उल्लेखित नभएको हकमा साविक वा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२१. **कर छुट**:यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२२. खारेजी : साविकमा यस गाउँपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय धनपालथान गाउँपालिका मोरङ प्रदेश नं. १, नेपाल

## अनुसूची १
### दफा (२) सँग सम्बन्धीत
### सम्पत्ति कर/घरजग्गा कर

१. सम्पत्ति कर/घरजग्गा करको दररेट गाउँकार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

## अनुसूची २
### दफा (३) सँग सम्बन्धीत
### मालपोत करको दररेट

| जग्गाको वर्ग | दर प्रति कठ्ठा | जरिवाना | कैफियत |
|---|---|---|---|
| प्रमुख बाटो | न्यूनतम १० धुर सम्मको रु३५ र प्रतिकठ्ठा रु५० । | प्रत्येक वर्ष १० प्रतिशत दरले थप लाग्ने | विगत वर्षहरुको बक्यौता समेतको हकमा समेत यसै अनुसार हुनेछ । |
| मुख्य बाटो | न्यूनतम १० धुर सम्मको रु३० र प्रतिकठ्ठा रु४० । | | |
| सहायक बाटो कच्ची बाटो | न्यूनतम १० धुर सम्मको रु२५ र प्रतिकठ्ठा रु३५ । | | |
| खेतको बाटो | न्यूनतम पाँच कठ्ठा सम्मको रु२० र प्रतिकठ्ठा रु३० । | | |
| वर्ग नखुलेको | न्यूनतम पाँच कठ्ठा सम्मको रु२० र प्रतिकठ्ठा रु२५ । | | |

## अनुसूची ३
### दफा (४) सँग सम्बन्धीत
### वहाल करको दररेट

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी वा अन्य सम्पत्ति पूरै वा आंशिक तवरले वहालमा दिएकोमा बहाल अंकको १० प्रतिशतका दरले बहाल कर संकलन गरिनेछ । संगठित संघसंस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहाल बसे वापत बहाल रकम बुझाउदा श्रोतमा अग्रीम बहाल कर कटी गरी दाखिला गर्नुपर्नेछ ।

बहाल कर निर्धारण प्रकृया :

१) बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ,

२) क्षेत्रगत आधारमा गाँउपालिकाले न्यूनत्तम बहाल दर तोक्न सक्नेछ,

३) गाँउपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वयं घोषण गरेको वा सम्झौता पत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ ।

हरिलाल सिंह
अध्यक्ष

धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सौराभाग, मोरङ
प्रदेश नं. १, नेपाल

अनुसूची ४
दफा (५) सँग सम्बन्धीत
व्यवसाय करको दररेट

| कर आय | व्यापारिक वस्तु | | सानो रु२ लाख सम्मको लगानी | मझौला रु३ लाख सम्मको लगानी | ठूलो रु३ लाख भन्दा माथिको लगानी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | चुरोट , मदिराजन्य पसल | २५०० | ३५०० | ५००० | |
| | | ज्वलरी (जेम्स) | २५०० | ३५०० | ५००० | |
| | | मोबाइल एसेसरिज बिक्रि पसल | १५०० | २००० | २५०० | |
| | | घडि मर्मत तथा बिक्रि पसल | ५०० | ७०० | १००० | |
| | | पुस्तक, स्टेशनरी तथा पत्रपत्रिका पसल | ५०० | ७०० | १००० | |
| | | पान तथा तमाखु पसल | ५०० | ७०० | १००० | |
| | | कम्प्युट, फ्रिज, फोटोकपि, वासिंग मसिन इत्यादी इलेक्ट्रोनिक सामान थोक बिक्रि | २५०० | ३५०० | ५००० | |
| | | इलेक्ट्रोनिक सामान बिक्रि पसल | १५०० | २००० | २५०० | |
| | | फर्निचर तथा फर्निसि पसल -पर्दा, कारपेट। | २००० | २५०० | ३००० | |
| | | काठ चिरान लगायत सामान्य लोकल फर्निचर | २५०० | ३५०० | ५००० | |
| | | मिनि मार्ट तथा डिपार्टमेन्टल स्टोर | | | ५००० | |
| | | फेन्सी पसल | १००० | १५०० | २००० | |
| | | जुत्ता पसल | १००० | १५०० | २००० | |
| | | रड सिमेन्ट जस्ता, रंग हार्डवेयर पसल | | | ५००० | |
| | | विजुली सामान पसल | १५०० | २००० | ३००० | |
| | | पेट्रोलपम्प | | | १०००० | |
| | | हलुवाई पसल | १००० | १५०० | २००० | |
| | | खाजा नास्ता होटल | १००० | १५०० | २००० | |
| | | खाजा नास्ता होटल रक्सी सहित | २००० | ३००० | ५००० | |
| | | भाडा पसल | १००० | १५०० | २००० | |
| | | मोटर साइकल वर्कशप | १५०० | २५०० | ३००० | |

हरिलाल सिंह
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | साइकल वर्कशप | ५०० | ७०० | १००० |
| | औषधि पसल | १५०० | २५०० | ३००० |
| | किराना पसल | ५०० | १००० | १५०० |
| | अन्य | ५०० | ७०० | १००० |
| विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसाय सेवा | चिकित्सक | २५०० | ३००० | ४००० |
| | कविराज | ५०० | १००० | १५०० |
| | इन्जिनियर | ३००० | ३००० | ५००० |
| | कानुन व्यवसायी तथा लेखापढी | १५०० | २५०० | ३५०० |
| | लेखा परीक्षक | १५०० | २५०० | ३५०० |
| | दन्त चिकित्सक | १५०० | २५०० | ३५०० |
| | कन्सल्टेन्सी | | | ५००० |
| | अन्य परामर्श सेवा | १५०० | २५०० | ३००० |
| उत्पादन मुलक उद्योग | खाद्यन्न मिल | १५०० | २५०० | ३००० |
| | जुत्ता चप्पल | २००० | ३००० | ४००० |
| | घरेलु उद्योग | २५०० | ४००० | ५००० |
| | डेरी उद्योग | १५०० | २००० | २५०० |
| | कापी किताव | १५०० | २००० | २५०० |
| | इट्टा उद्योग प्रति चिम्नि | | | २००००० दुई लाख |
| | अन्य | १५०० | २००० | २५०० |
| सेवा व्यवसाय | वाणिज्य वैक शाखा | | | ५००० |
| | विकास वैक शाखा | | | ४००० |
| | वित्तय संस्था | | | २००० |
| | आर्थिक कारोबार गर्ने सहकारी संस्था | | | १५०० |
| | मनि ट्रान्सफर | | | २००० |
| | अन्य | १००० | १५०० | २००० |
| | सामुदायिक गैरसरकारी अस्पताल | १००० | १५०० | २००० |
| | डेन्टल हस्पिटल | १५०० | २००० | २५०० |
| | भेटनरि क्लिनिक | १००० | १५०० | २००० |
| शिक्षा तालिम व्यवसाय | मन्टेशनरी | | | २००० |
| | आधरभुत | | | ४००० |
| | माध्यमिक | | | ८००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उच्च माध्यमिक | | | १०००० |
| | | ट्रेनिङ्ग सेन्टर | १५०० | २००० | २५०० |
| | | अन्य | १५०० | २००० | २५०० |
| | अन्य सेवा | फोटो स्टूडियो | १५०० | २००० | २५०० |
| | | भोजनालय तथा सामान्य खाजा | १५०० | २००० | २५०० |
| | | जलस्रोत संस्था दर्ता | | | २५०० |
| | | संघ संस्था कार्यक्रम संचालन अनुमति सिफारिस | २५०० | ३००० | ५००० |
| | | संघ संस्था कार्यक्रम विस्तार | २००० | २५००० | ३००० |
| | | अन्य व्यवसाय | १००० | १५०० | २००० |

## अनुसूची ५
### दफा (६) सँग सम्बन्धीत
### जडिबुटी कवाडी माल करको दररेट

ऊन, खोटो, जाँडबुटी, बनकस, कवाडी माल, जीवितजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुका हाड, सिङ, प्वाख, छाला, जस्ता वस्तुको व्यवसायिक कारोवार गरे बापत जडीबुटी, कवाडी र जीवजन्तु कर लाग्नेछ । उल्लिखित मालसामानका हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि गाउकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

क. कागजजन्य सामानका लागि प्रति किलोग्राम रु एक,
ख. फलामजन्य सामानका लागि प्रति किलोग्राम रु दुई,
ग. स्टिलजन्य सामानका लागि प्रति किलोग्राम रु दुई र
घ. अन्यका हकमा प्रति किलोग्राम रु दुई

## अनुसूची ६
### दफा (७) सँग सम्बन्धीत
### सवारी साधन करको दररेट

गाउपालिका भित्र ठेगाना रहने गरि दर्ता भएका तथा गाउपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक सवारी कर निम्नानुसार हुने:

क. इन्जीनवाट चल्ने जुन कुनै दुई पाङ्ग्रे मोटर साइकल, स्कुटर वा यस्तै सवारी साधनको वार्षिक रु तीन सय
ख. कार, जीप, भ्यान वा यस्तै चार पाङ्ग्रे सवारी साधनको वार्षिक रु एक हजार,
ग. टेम्पु र ट्याक्टर वा यस्तै सवारी साधनको वार्षिक रु एक हजार
घ. मिनि वस, मिनि ट्रक वा यस्तै चार पाङ्ग्रे सवारी साधनको वार्षिक रु पन्ध्र सय रुपैया
ङ. ठुला वस, ट्रक वा चार पाङ्ग्रे सवारी साधनको वार्षिक रु दुई हजार
च. हेभी गाडी, डोजर क्रेन वा यस्तै सवारी साधनको वार्षिक रु तीन हजार
छ. अन्य सवारी साधनको वार्षिक रु एक हजार

ञ. विद्युतीय उर्जाबाट संचालन हुने र कृषि कार्यमा प्रयोग गरिने सवारी साधनका हकमा तोकिएको दरमा पचास प्रतिशत छुट हुने।

### अनुसूची ७
### दफा (८) सँग सम्बन्धीत
### विज्ञापन करको दररेट

क. विज्ञापन कर निम्नानुसार हुने :

१. भवनको छत र कौशीमा परिचय पाटी वा विज्ञापन सामाग्रि राख्न पाइनेछैन ।

२. भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइनेछैन ।

३. बाटोको सीमानादेखि दश फिट भित्र तथा संधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा सस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाइनेछैन ।

४. सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै सरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्वीर वा अक्षरको विज्ञापन कर छुट हुने छैन ।

५. भवन, जमिन, व्यापारिक वा व्यवसायीक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन ।

६. सुर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्धित तथा काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाबाट निषेध गरिएका विज्ञ पन प्रचार प्रशार गर्न पाइने छैन ।

ख. विज्ञापन करको दर :

१. फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु पाँच सय,

२. होर्डिङ्ग बोर्ड, नियोन साईन, र यस्तै विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु आठ हजार,

३. डिजीटल बोर्ड, ग्लो साइन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु आठ सय,

४. खेलकुद मैदान , मेला , जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम पन्ध्र दिन र बीस स्कवायर फुटका लागि प्रति दिन रु पाँच सय र

५. अन्यको हकमा प्रति वर्गफिट प्रति वर्ष रु दुई सय । ।

### अनुसूची ८
### दफा (९) सँग सम्बन्धीत
### मनोरञ्जन करको दररेट

१. मनोरञ्जन करको दररेट गाउँकार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

### अनुसूची ९
### दफा (१०) सँग सम्बन्धीत
### बहाल बिरौटी दररेट

१. बहाल बिरौटी दररेट गाउँकार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

अनुसूची १०
दफा (११) सँग सम्बन्धीत
पार्किङ्ग शुल्कको दररेट

१. पार्किङ्ग शुल्कको दररेट गाउँकार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

अनुसूची (१२)
दफा १२ सँग सम्बन्धीत
सेवा शुल्क दस्तुर

| क्र.स. | विवरण | आ.व. ०७४/७५ को लागि | कैफियत |
| --- | --- | --- | --- |
| १ | घर जग्गा नामसारी सिफारिस | हक हस्तान्तरण ५ कट्ठा २०० सो भन्दा माथि प्रति कट्ठा १० थप | |
| | | रजिष्ट्रेशन पास ५ कट्ठा ४०० सो भन्दा माथि प्रति कट्ठा १५ थप | |
| २ | मोही लगत प्रति कट्ठा | ५० | |
| ३ | घर कायम सिफारिस | २०० | |
| ४ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | निशुल्क | |
| ५ | अस्थायी बसोबास सिफारिस | ४०० | |
| ६ | स्थायी बसोबास सिफारिस | २०० | |
| ७ | नगरिकता सिफारिस | ११० | |
| ८ | अंगिकृत नागरिकता सिफारिस | १५० | |
| ९ | आर्थिक अवस्था सम्वन्धी सिफारिस (बलियो) | ५०० | |
| १० | आर्थिक अवस्था सम्वन्धी सिफारिस (कमजोर) | निशुल्क | |
| ११ | विद्युत जडान सिफासि (नक्सा पास भएको) | २०० | |
| १२ | विद्युत जडान सिफासि (नक्सा पास नभएको) | ३०० | |
| १३ | धारा जडान सिफारिस | २०० | |
| १४ | जिवित रहेको सिफारिस | ३०० | |
| १५ | जन्म मिति शंसोधन सिफारिस | ३०० | |
| १६ | जग्गा मुल्यांकन सिफरिस प्रमाणित | ०.५ प्रतिशत | |
| १७ | व्यवसाय बन्द सिफारिस | ३०० | |
| १८ | व्यवसाय सञ्चालन नभएको सिफारिस | ३०० | |
| १९ | व्यापार व्यवसाय नभएको सिफारिस | ३०० | |
| २० | अदालत शुल्क मिनाहा सिफारिस | २०० | |
| २१ | नाबालक सम्वन्धी सिफारिस | ५०० | |

हरिलाल सिंह
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
ग्रामथान, मोरङ
प्रदेश नं. १, नेपाल

हरिलाल सिंह
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २२ | चौपाया सम्वन्धी सिफारिस | प्रति गोटा ५० | |
| २३ | व्यवसाय दर्ता सर्जमिन सिफारिस | ५०० | |
| २४ | उद्योग ठाउसारी सिफारिस | ५००० | |
| २५ | बिद्यालय ठाउसारी सिफारिस(निजी) | ३००० | |
| २६ | विद्यालय कक्षा वृद्धि, सिफारिस (निजी) | प्रति कक्षा २००० | |
| २८ | पुर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस अनुमति(निजी) | २५०० | |
| २९ | व्यक्तिगत विवरण सिफारिस | ३०० | |
| ३० | जग्गा दर्ता सिफारिस (निषेधित बाहेक प्रति कट्टा) | ५०० | |
| ३१ | विद्यालय वा संकाय वृद्धि सिफारिश | १००० | |
| ३२ | संरक्षक सिफारिस (व्यक्तिगत) | ५०० | |
| ३३ | संरक्षक सिफारिस (संस्थागत) | १५०० | |
| ३४ | कित्ताकाट सिफारिस (प्रति आना) | १०० | |
| ३५ | सरकारको नाममा बाटो कायम सिफारिस | ० | |
| ३६ | नाता प्रमाणित सिफारिस (नेपाली) | ५०० | |
| ३७ | सर्जमिन गर्नु पर्नेका हकमा | १००० | |
| ३८ | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | १००० | |
| ३९ | कोठा खोल्ने रोहवरमा बस्ने | ५०० | |
| ४० | नि:शुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | ० | |
| ४१ | संस्था दर्ता वा दर्ता सिफारिस (नाफामुखी) | २००० | |
| ४२ | संस्था दर्ता वा दर्ता सिफारिस (गैह नाफामूखी) | १०००<br>नविकरण रु ५०० | |
| ४३ | INGO को हकमा | ३०००<br>नविकरण रु १५०० | |
| ४४ | घर बाटो प्रमाणित, (मुल सडक अन्तर्गत) | न्यूनतम १० धुर सम्म ५०० सो भन्दा माथी प्रति धुर थप रु ५ | |
| ४६ | चार किल्ला प्रमाणित | ३०० | |
| ४९ | जन्म मिति प्रमाणित | १०० | |
| ५० | विवाह प्रमाणित | १०० | |
| ५१ | घर पाताल प्रमाणित | ५०० | |
| ५२ | फरक, फरक नाम, थर शिफारिस प्रमाणित | ३०० | |
| ५३ | फरक फरक जन्म मिति प्रमाणित शिफारिस | ३०० | |
| ५४ | कागज मञ्जुरीनामा प्रमाणित | ५०० | |
| ५५ | संरक्षक प्रमाणित | २०० | |
| ५६ | हकदार प्रमाणित | १००० | |
| ५७ | अविवाहित प्रमाणित | ३०० | |

हरिलाल सिंह
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ५८ | नाम थर संसोधन शिफारिस | ३०० | |
| ५९ | जग्गा रेखांकन सम्वन्धी रोहवरमा वस्ने | १००० | |
| ६० | जग्गा धनी पुर्जा हराएको शिफारिस | २०० | |
| ६१ | पुर्जामा घर कायम गर्ने सिफारिस | ५०० | |
| ६२ | अंग्रेजी सिफारिस तथा प्रमाणित | ५०० | |
| ६३ | मिलापत्र कागज गराउने | १००० | |
| ६४ | नाता प्रमाणित दस्तुर | ५०० | |
| ६५ | जन्म मृत्यु विवाह वसाई सराई सम्वन्ध विच्छेद दर्ता (३५ दिन भित्र निःशुल्क, त्यस पछिको ३५ दिन भित्र रु.८ त्यसपछिको जति दिन भएपनि रु.५०) | ५० | |
| ६६ | ठेला रिक्शा दर्ता नामसारी ठाउँ सारी | २०० | |
| ६७ | इन्जिनियरिङ्ग दर्ता नविकरण (सुचिकृत) शुल्क | २०० | |
| ६८ | भवन निर्माण स्वीकृती आवासीय प्रयोजनको लागि प्रति वर्ग फुट | २.५ | |
| ६९ | भवन निर्माण स्वीकृती व्यवसायीक प्रयोजनको लागि प्रति वर्ग फुट | ५ | |
| ७० | मुद्दा उजुरी दर्ता | २०० | |
| ७१ | खाद्यन्न सिफारिस | ५ प्रति बोरा | |
| ७२ | निजी रुख कटान | २०० प्रति रुख | |
| ७३ | घर सार सिफारिस | २००० | |
| ७४ | सहुलियत काठ सिफारिस | १००० | |
| ७५ | फ्रेम हाउस दर्ता तथा नविकरण | १५०० | |
| ७६ | प्रमाण पत्र प्रतिलिप | १००० | |
| ७७ | अन्य प्रमाणित तथा सिफारिस | ५०० | |

हरिलाल सिंह
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
धनपालथान, मोरङ
प्रदेश नं. १, नेपाल

अनुसूची १३
दफा (१३) सँग सम्बन्धीत
पर्यटन शुल्क दररेट

१. धनपालथान गाउँपालिका क्षेत्रभित्र तोकेको स्थानमा भ्रमण गर्ने स्वादेशी पर्यटकलाई रु१०० र विदेशीलाई रु२०० लिन सक्नेछ

अनुसूची १४
दफा (१४) सँग सम्बन्धीत
जरिवाना

| क.स. | विवरण | जरिवाना | जरिवाना तोक्न सक्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|
| १ | दर्ता नगरी व्यापार व्यवसाय गर्ने | दर्ता शुल्कको २०० प्रतिशत | अनुगमन टोलि वा वडा अध्यक्ष वा कार्यकारी अधिकृत | |
| २ | रातको ८ बजेपछि पनि रक्सि पसल, होटल बन्द नगर्नेलाई | १००० | अनुगमन टोलि वा वडा अध्यक्ष वा कार्यकारी अधिकृत | |
| ३ | फोहोर मैल गर्ने व्यक्ति, वा व्यापार व्यवसाय गर्नेलाई | ५०० | अनुगमन टोलि वा वडा अध्यक्ष वा कार्यकारी अधिकृत | |
| ४ | म्याद सकेको सामाग्री बिक्रि वितरण गर्नेलाई | २००० | अनुगमन टोलि वा वडा अध्यक्ष वा कार्यकारी अधिकृत | |
| ५ | प्रचलित कानुनको उल्लघंन गर्ने लाई | रु१०० देखि १००० | अनुगमन टोलि वा वडा अध्यक्ष वा कार्यकारी अधिकृत | |

अन्य:
१. गाउपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्कि वा व्यापार वा फोहरमैला गर्ने तथा प्रचलित कानुन विपरित कार्य गर्नेलाई गाउकार्यपालिकाले अवस्था हेरि रु१०० देखि १००० सम्म जरिवाना गर्न सक्नेछ .
२. जरिवानाको सजाय पाएपछि पनि सोही प्रकृतिको गल्ति गरेको पटकै पछि थप २० प्रतिशत जरिवाना लाग्नेछ ।
३. धनपालथान गाउपालिकाले बनाएको कानुन नियमवलि कार्यविधि कार्यान्वयनमा सहयोग र समन्वय गर्नु गा.पा. क्षेत्रभित्र रहेका प्रहरि कार्यालयको कर्तव्य हुनेछ ।

अनुसूची १५
दफा (१५) सँग सम्बन्धीत
घरजग्गा रजिष्ट्रशन शुल्कको दररेट

१. घरजग्गा रजिष्ट्रशन शुल्कको दररेट गाउँकार्यपालिकाले तोकेका स्थानहरुमा तोकिए बमोजिम हुनेछ ।

हरिलाल सिंह